# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गुल्मी

५ नं. प्रदेश, नेपाल

प.सं.:०७६/७७

च.न.:

मितिः २०७६/०५/१३

## शिक्षक दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्बन्धी जरुरी सूचना।

प्रस्तुत विषयमा सत्यवती गाउँ कार्यपालिकाद्वारा निर्मित **शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६** बमोजिम यस गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा दरबन्दीमा कार्यरत **शिक्षक संख्या र सञ्चालित तहको अनुपात** लगायतका मापदण्डका आधारमा दरबन्दी मिलान गर्न सकिने र शिक्षकको काज सरुवाका सम्बन्धमा समेत सूचना प्रकाशित गर्ने भन्ने व्यवस्था भए अनुरुप मिति २०७६/०५/१२ गते बसेको गाउँ कार्यपालिकाको बैठकबाट **शिक्षक दरबन्दी मिलान र काज सरुवा सम्बन्धमा** भएको निर्णयको व्यहोरा कार्यान्वयनका लागि सम्बन्धित विद्यालय एवम् शिक्षकको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको गरिएको छ।

### तपशील

| दरबन्दी मिलानका क्रममा दरबन्दी कट्टा हुने र दरबन्दी थप हुने विद्यालयको विवरण | | | | |
|---|---|---|---|---|
| क्र.सं. | दरबन्दी कट्टा हुने विद्यालय | कट्टी संख्या | दरबन्दी थप हुने विद्यालय | थप संख्या |
| १ | कोल्डाँडा आ.वि, सत्यवती-१ | १ | राम मा.वि, सत्यवती-१ | १ |
| २ | रामबारी आ.वि, सत्यवती-१ | १ | लक्ष्मीपुर मा.वि, सत्यवती-२ | १ |
| ३ | मचाकोट आ.वि, सत्यवती-१ | १ | भानु आ.वि, सत्यवती-३ | २ |
| ४ | द्वागा आ.वि, सत्यवती-१ | १ | साजपुर आ.वि, सत्यवती-३ | २ |
| ५ | धुसेनी आ.वि, सत्यवती-२ | १ | नवदुर्गा आ.वि, सत्यवती-४ | १ |
| ६ | विष्णुमति आ.वि, सत्यवती-५ | १ | ज्ञानोदय आ.वि, सत्यवती-६, रितौंदी | १ |
| ७ | ग्रामविकास आ.वि, सत्यवती-५ | १ | जुनिया मा.वि, सत्यवती-७ | १ |
| ८ | कालिका आ.वि, सत्यवती-५ | १ | जनसहयोग मावि, सत्यवती-८ | १ |
| ९ | ज्ञानोदय आ.वि, सत्यवती-६, चेघा | १ | | |
| १० | जनज्योति आ.वि, सत्यवती-८ | १ | | |

प्रमुख प्रशासकीय अधिकृत

इमेलः-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइटः- www.satyawatimun.gov.np

# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
५ नं. प्रदेश, नेपाल


प.सं.:०७६/७७
च.न.:

मितिः-

## दरबन्दी मिलान सम्बन्धमाः

१) यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरबन्दी कट्टी भएका विद्यालयमा अध्यापनरत **सम्पुर्ण शिक्षकहरुले** आफू दरबन्दी मिलान भई जान चाहेको विद्यालय प्राथमिकता क्रम अनुसार छनौट गरी तोकिएको ढाँचामा निवेदन फाराम भरी यस कार्यालयमा पेश गर्नुपर्नेछ।

२) प्राप्त निवेदन उपर छानवीन गरी कार्यविधि बमोजिम निजको सेवावधि, नागरिकतामा उल्लेख भएको ठेगाना, आदिलाई आधार मानी उक्त विद्यालयमा कार्यरत कुनै एक शिक्षकलाई यथासक्य निजले प्राथमिकताक्रम अनुसार रोजेको विद्यालयमा पर्ने गरी दरबन्दी मिलान सरुवा गरिनेछ।

## आन्तरिक काज सरुवा सम्बन्धमाः

१) यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कुनै पनि विद्यालयमा दरबन्दीमा अध्यापनरत **इच्छुक शिक्षकले** आफू यसै गाउँपालिका भित्रको अर्को विद्यालयमा काज सरुवा भई जान चाहेमा तोकिएको ढाँचामा निवेदन फाराम भरी यस कार्यालयमा पेश गर्नुपर्नेछ।

२) सरुवाका लागि प्राप्त निवेदनउपर छानवीन गर्दा निज कार्यरत विद्यालयको शैक्षिक गुणस्तरमा नकारात्मक असर नपर्ने अवस्था भएमा मात्र सरुवा गरिनेछ।

३) सरुवाका लागि हाल कार्यरत विद्यालय र सरुवा भई जान चाहेको विद्यालय दुबैको वि.व्य.स.को स्वीकृति आवश्यक हुनेछ।

४) सरुवाका लागि निवेदकले इच्छ्याएको विद्यालयमा जाँदा निजलाई घरपायक मिल्न जाने, कमजोर शारिरिक अवस्था, विद्यालयको शैक्षिक गुणस्तरमा सकारात्मक प्रभाव पर्ने संभावना आदिलाई आधार मानिनेछ।

२०७६।५।१२

यादव भण्डारी

प्रमुख प्रशासकीय अधिकृत


इमेलः-satyawatigaunpalika@gmail.com फोन नंः-०७९-४११०७६ वेवसाइटः- www.satyawatimun.gov.np

अनुसूचि-१

(दफा ४ को उपदफा (६) सँग सम्बन्धित)

**शिक्षक दरबन्दी मिलानका लागि दिने निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
सत्यवती गाउँपालिका।

यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति............. को सूचना अनुसार यस गाउँपालिका भित्रका विद्यालयहरुमा दरबन्दी मिलान कार्य हुँदा मैले दरबन्दी मिलानमा तपशील विद्यालयमा दरबन्दी मिलान पदस्थापना हुन/ जान इच्छुक भएकाले यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

<u>तपशील</u>

| प्राथमिकताका आधारमा दरबन्दी मिलान हुन/जान चाहेको विद्यालय | | |
|---|---|---|
| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

(नोटः हाल कार्यरत विद्यालयलाई समेत छनौट गर्न सकिनेछ।)

**मेरो वैयक्तिक विवरण**

नामः

स्थायी ठेगाना (नागरिकता अनुसार):

स्थायी ठेगाना (महिलाको हकमा विवाह पश्चात कायम भएको स्थायी ठेगानाः

अस्थायी ठेगानाः

सिटरोल नं. (संकेत नं.):

तह/श्रेणीः

सुरु नियुक्ति मितिः हालको पदमा नियुक्ति मितिः

हालको पदमा नियुक्त भएको अवधि (वर्ष, महिना र दिन):

हाल कार्यरत विद्यालयमा पदस्थापना/ सरुवा भएको मितिः

हाल कार्यरत विद्यालयमा सेवा गरेको अवधि (वर्ष, महिना र दिन):

...........................

निवेदकको दस्तखत

मितिः...........................

अनुसूचि-२

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

**शिक्षक काज सरुवाका लागि दिने निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
सत्यवती गाउँपालिका।

यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति..................... को सूचना अनुसार यस गाउँपालिका भित्रका विद्यालयहरुमा आन्तरिक काज सरुवा गर्ने सन्दर्भमा तपशील बमोजिमको कारणले गर्दा मैले अध्यापन गर्दै आएको ........................................... ........ विद्यालयबाट ................................................... विद्यालयमा काज सरुवा गरी पाउँ भनी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

<u>तपशील</u>

| क्र.सं. | काज सरुवा हुनुपर्ने कारणहरु |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |

**मेरो वैयक्तिक विवरण**

नामः

स्थायी ठेगाना (नागरिकता अनुसार):

स्थायी ठेगाना (महिलाको हकमा विवाह पश्चात कायम भएको स्थायी ठेगानाः

अस्थायी ठेगाना:

सिटरोल नं. (संकेत नं.):

तह/श्रेणी:

सुरु नियुक्ति मिति: हालको पदमा नियुक्ति मिति:

हालको पदमा नियुक्त भएको अवधि (वर्ष, महिना र दिन):

हाल कार्यरत विद्यालयमा पदस्थापना/ सरुवा भएको मिति:

हाल कार्यरत विद्यालयमा सेवा गरेको अवधि (वर्ष, महिना र दिन):

............................

निवेदकको दस्तखत

मिति:............................